"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल ।

**करारमा कर्मचारी अवश्यकता सम्बन्धी दरखास्तको लागि १५ दिन म्याद थप गरिएको सूचना ।**

**(दोश्रो प्रकाशित मिति २०८२/०३/०४ गते)**

खाँदवारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आगामी आ.व. २०८२/०८३ को संघीय सशर्त कार्यक्रम अन्तरगत कृषि स्नातक करार र एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रमको लागि तपसिलका पदहरुमा देहायका संख्या र योग्यता भएका कर्मचारी करारमा आवश्यक भएकोले योग्यता पुगेको नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको दरखास्त फाराम, दरखास्त दस्तुर,कार्य विवरण, पारिश्रमिक सेवाका शर्तहरु सहितको विस्तृत विवरण नगरकार्यपालिकाको कार्यालयबाट जानकारी लिन सकिनेछ ।

**देहाय**

| क्र.सं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/२०८१-८२ | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सक विषयमा कम्तिमा स्नातक तह उर्त्तीण गरि सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको | १ (एक) | |
| २ | ३/२०८१-८२ | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उर्त्तीण गरेको । | १ (एक) | |

१. सेवाको किसिम : करार सेवा ।

२. पारिश्रमिक तथा सेवासुविधा : स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८० मा उल्लेख भएबमोजिम हुनेछ ।

३. उमेर : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. परीक्षाको किसिम : लिखित वा अन्तरवार्ता वा छनौट समितिको निर्णय अनुसार दुबै परिक्षा हुन सक्नेछ ।

५. दरखास्तसाथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु:
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी ।
- परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

(पेश गरिने सबै प्रतिलिपिको पिठमा उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनु पर्नेछ ।

६. आवेदन शुल्क : रु. १०००।- (एक हजार मात्र) ।

७. दरखास्तको ढाँचा : नगरकार्यपालिकाको प्रशासन उपशाखा तथा www.khandbarimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

८. करार सेवा अवधि : करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

९. दरखास्त दिने अन्तिम मिति : २०८२/०३/१८ गते कार्यालय समयभित्र ।

१०. सम्पर्क मिति : २०८२/०३/१९ गते सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट ।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com